# नेपाल मानव अधिकार संगठन
# Human Rights Organisation of Nepal

HURON
Regd. No. 149/053/054
Estd: 1988 A.D. (2045 B.S.)

केन्द्रीय कार्यालय- अनामनगर, काठमाडौं
Central Office- Anamnagar, Kathmandu

Anamnagar-29
G.P.O. Box: 5424
Kathmandu, Nepal
+977-1-5706949/5705948
huron.nepal@gmail.com
www.huronnepal.org


## संविधानको वैधानिकता कायमकालागी।

देशमा व्याप्त भ्रष्टाचार, कुशासन तथा अभिव्यक्ती स्वतन्त्रता माथी लगाएको अंकुशका कारण उत्पन्न असन्तुष्टीले मिति २०८२/०५/२३ र २४ गते भएका युवाहरुको विरोध प्रदर्शनमा हालसम्म ७४ जना आन्दोलनकारी र ३ जना प्रहरीले ज्यान गुमाएका र देशको प्रमुख संस्थागत संरचनाहरु जलेर खरानी भएका छन्। हामी मृतक प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै घाइतेका शिघ्र स्वास्थलाभको कामना तथा भौतिक क्षति प्रति दुख व्यक्त गर्दछौं र सबै प्रकारका दोषीहरुलाई कानुनी दायरामा ल्याउनकालागी एक सक्षम आयोग गठनको माग गर्दछौं।

परिवर्तित विश्व परिस्थितिमा समेत लोकतन्त्र, मानव अधिकार र विधीको शासन संवैधानिक सर्वोच्चता कायम राख्नै छ भन्नेमा यो संगठन विश्वास गर्दछ। एउटा सरकारको राजीनामा आइसकेको र नयाँ अन्तरिम मन्त्रीमण्डल गठनको प्रक्रियामा आन्दोलनकारी शक्ति अलमलिएको कारण आन्दोलनका उपलब्धीहरु संस्थागत हुन संकट पैदा हुँदै गएको तथा मन्त्रीमण्डल गठनमा नेपालको संविधान बाहीरबाट प्रक्रिया अघि बढाउन खोजेको भन्ने समाचारहरुले देश अझ दुर्गतीमा जाने होकी भन्ने आशंका सवालमा यो संगठन गम्भीर ध्यान दिएदछ।

प्रत्येक परिवर्तनमा अघिल्लो संविधानको क्रमिकता लाई स्विकार गर्दै नयाँ गठन हुने मन्त्रीमण्डललाई निरन्तरता दिलाउन नजिर नेपालमा 2006 सालदेखी नियमित रहेको पर्वमा स्मरण गराउन चाहन्छौं।

अतः आन्दोलनका उपलब्धीहरुलाई संस्थागत गर्दै लोकतन्त्र, मानव अधिकार, विधीको शासनलाई आत्मसात गर्दै जनताको मौलिक हक अधिकार संरक्षण गर्नुपर्ने

# नेपाल मानव अधिकार संगठन
## Human Rights Organisation of Nepal

Regd. No. 149/053/054
Estd: 1988 A.D. (2045 B.S.)

केन्द्रीय कार्यालय- अनामनगर, काठमाडौं
Central Office- Anamnagar, Kathmandu

Anamnagar-29
G.P.O. Box: 5424
Kathmandu, Nepal
+977-1-5706949/5705948
huron.nepal@gmail.com
www.huronnepal.org


जिम्मेवारीलाई वहन गर्दै आम नागरिकको शान्तीपुर्ण जिवन यापन गर्ने, पाउने अधिकारको ग्यारेन्टी सहीत वर्तमान संविधानको प्रवधानहरुबाट तथा संस्थागत संरचनाहरुको अगुवाईमा, सम्पुर्ण शक्तीहरुको बिचमा वार्ता गरी स्वतन्त्र संस्थाको निर्वाचन प्रयोजनको अंतरीम मन्त्री परिषद गठन गरी देशलाई अहिलेको अवस्थाबाट मुक्ती दिलाउन र आन्दोलनकारी शक्ती, लोकतन्त्र, संविधान बमोजिम देशलाई अघि बढाउनका लागि वास्तविक राष्ट्रलाई माया गर्ने सम्पुर्ण सरोकारवालाहरुमा यो संगठन हार्दिक अपिल गर्दछ।

अध्यक्ष
इन्द्र प्रसाद अर्याल
मिति: २०८२।०५।२६